जन्म, मृत्यु लगायतका घटना दर्ताको विवरण नियमानुसार सच्याउने अधिकार गाविस एवं नगरपालिकाको हकमा स्थानीय विकास अधिकारीलाई र उप एवं महानगरपालिकाको हकमा कार्यकारी अधिकृतलाई प्रत्यायोजन भएको छ । भत्ता पाइरहेका नागरिकहरुले आफ्नो गाउँ विकास समिति वा नगरपालिकामा संपर्क गरी असारको २० गते भित्र अनिवार्य रूपमा भत्ता बुझी लिऔं । विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ । सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय निकायमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।